# जिल्ला शिक्षा कार्यालयले उत्कृष्ट परीक्षा केन्द्र छनौट गर्ने आधारहरू

**प्रोत्साहन प्याकेजमा सहभागी हुनका लागि जिल्लाहरुले पुरा गर्नुपर्ने पूर्वशर्तहरु :**

जिल्लामा सञ्चालित २०७० सालको एसएलसी परीक्षा केन्द्र home centre मा नभएको हुनुपर्ने । (Home Centre भएका जिल्ला/परीक्षा केन्द्रहरुलाई मूल्याङ्कनमा समावेश गरिने छैन ।)

१. परीक्षार्थी संख्या : हिमाली क्षेत्रमा कम्तिमा १५०, पहाडी क्षेत्रमा कम्तिमा २५० जना र तराई क्षेत्र वा भित्री मधेश वा उपत्यकामा कम्तिमा ३०० परीक्षार्थी संख्या भएमा पूर्णाङ्क १० दिने । तर सो भन्दा कम भएमा यो बापतको कुनै अङ्क नदिने ।

२. सुरक्षा, यातायात र संचारः परीक्षा केन्द्र रहने स्थानमा प्रहरी चौकी, यातायात र सञ्चारको व्यवस्था भएमा १० अङ्क प्रदान गर्ने ।

३. भवन, फर्निचर र कम्पाउण्डः परीक्षा केन्द्र रहेको विद्यालयमा कम्पाउण्ड, भवन र फर्निचरको उपयुक्त व्यवस्था भएमा १० अङ्क प्रदान गर्ने ।

४. केन्द्राध्यक्ष, स. केन्द्राध्यक्ष र निरीक्षकको उपयुक्तता : केन्द्राध्यक्ष सम्बन्धित विद्यालयको माध्यमिक तह वा उच्च माध्यमिक तहको स्थायी शिक्षक भएको, सहायक केन्द्राध्यक्ष माध्यमिक विद्यालयको स्थायी शिक्षक र निरीक्षक निम्नमाध्यमिक वा प्राथमिक तहको शिक्षक भएमा १० अङ्क प्रदान गर्ने । उल्लेखित पदका व्यक्तिहरुमध्ये कसैको आधार नपुगेको भएमा ५ अङ्कमात्र प्रदान गर्ने ।

५. शान्तिपूर्ण तथा मर्यादित वातावरण : परीक्षा केन्द्र भित्र र बाहिरको वातावरण शान्तिपूर्ण र मर्यादित भएमा १० अङ्क प्रदान गर्ने ।

६. निर्देशनको पालनाः जिल्ला परीक्षा समन्वय समिति/सुपरिवेक्षक (परीक्षाको अनुगमनमा विभिन्न निकायबाट खटिएका व्यक्तिहरु) आदिबाट प्राप्त निर्देशनको पालना भएको अवस्थामा १० अङ्क प्रदान गर्ने ।

७. परिचयपत्रको व्यवस्था : परीक्षा केन्द्रमा खटिएका केन्द्राध्यक्ष, सहायक केन्द्राध्यक्ष, निरीक्षक र पियनले देखिनेगरी परिचयपत्र लगाएको भएमा ५ अङ्क प्रदान गर्ने ।

८. परीक्षार्थीको खानतलासी : परीक्षा केन्द्रमा प्रवेश गर्नुभन्दा अगाडि परीक्षार्थीहरुको मुल प्रवेशद्वारमा खानतलासी गरेको भएमा १० अङ्क प्रदान गर्ने ।

९. जिशिकाले प्रदान गर्ने अङ्क : माथि उल्लेख गरिएका भन्दा जिल्लागत रुपमा विशिष्ट आधारहरुको प्रयोग गरी जिल्ला शिक्षा कार्यालयले एकमुष्ट प्रदान गर्ने अङ्क २५ रहने । माथि उल्लेखित आधारहरु बाहेकका आधारहरु जिल्लाले निर्धारण गरी सो बापत अङ्क प्रदान गर्न सक्ने ।

उल्लिखित आधारहरूको प्रयोग गरी परीक्षा समाप्त भएपछि यथाशिघ्र उत्कृष्ठ परीक्षा केन्द्र छनौट गरी पठाउने जिम्मेवारी जिल्ला शिक्षा कार्यालयको हुनेछ ।